नेपाल पर्वतारोहण संघ

पासाङ ल्हामु शेर्पा महिला साहसिक पर्वतारोही पुरस्कार कार्यविधि, २०८०

पर्वतीय पर्यटनमा नेपाली महिलाहरुको उत्साहजनक उपस्थिति भइरहेकोले महिला आरोहीहरुलाई थप प्रोत्साहन तथा हौसला प्रदान गर्ने अभिप्रायले साहसिक महिला आरोहीहरुलाई प्रत्येक वर्ष प्रदान गर्नका लागि राष्ट्रिय विभूति स्वर्गीय पासाङ ल्हामु शेर्पाको सम्मानस्वरुप संघको ५० औं स्थापना दिवसको अवसरमा उहाँको नाममा स्थापना गरी पुरस्कार प्रदान गर्न मिति २०८०/०६/०८ गते सोमबार सम्पन्न संघको केन्द्रीय कार्यसमितिको बैठकले नेपाल पर्वतारोहण संघको विधान (संशोधन सहित), २०४७ को परिच्छेद-११ को दफा ४७ ले दिएको अधिकार प्रयोग गरी केन्द्रीय कार्य समितिले यो **पासाङ ल्हामु शेर्पा महिला साहसिक पर्वतारोही पुरस्कार कार्यविधि, २०८०** बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "पासाङ ल्हामु शेर्पा महिला साहसिक पर्वतारोही पुरस्कार कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा-

(क) "कार्यविधि" भन्नाले पासाङ ल्हामु शेर्पा महिला साहसिक पर्वतारोही पुरस्कार कार्यविधि, २०८० सम्झनु पर्छ ।

(ख) "संघ" भन्नाले नेपाल पर्वतारोहण संघ सम्झनु पर्छ ।

(ख) "पुरस्कार" भन्नाले कुमार खड्गविक्रम शाह प्रतिभा पुरस्कार सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले दफा ५ बमोजिमको पुरस्कार सिफारिश समिति सम्झनु पर्छ ।

३. **पुरस्कारको स्थापना:** (१) पासाङ ल्हामु शेर्पा महिला साहसिक पर्वतारोही पुरस्कार नामको पुरस्कार स्थापना गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको पुरस्कार प्रत्येक वर्ष प्रदान गरिनेछ ।

४. **पुरस्कारको विधा र पुरस्कार राशी :** (१) पुरस्कारको विधा र राशी देहाय बमोजिम हुनेछ :-

(क) पर्वतीय पर्यटनमा संलग्न साहसी महिला आरोहीहरु ।

(ख) पुरस्कार एक तोला सुन र १४ तोला चाँदीबाट निर्माण गरिएको तक्मा र सम्मानपत्र हुनेछ ।

५. **पुरस्कार सिफारिश समितिः** (१) प्रत्येक वर्ष प्रदान गरिने पुरस्कारको लागि योग्य व्यक्तिको नाम संघको केन्द्रीय कार्यसमितिसमक्ष सिफारिश गर्न देहाय बमोजिमको सिफारिश समिति रहनेछ :-

(क) पर्वतीय पर्यटनका क्षेत्रमा क्रियाशील बरिष्ठ व्यक्तित्व - संयोजक

(ख) पर्वतीय पर्यटन क्षेत्रमा क्रियाशील व्यक्तित्व - सदस्य

(ख) पर्वतीय पर्यटनका क्षेत्रमा क्रियाशील सञ्चारकर्मी - सदस्य

(ग) पर्वतीय पर्यटनका क्षेत्रमा क्रियाशील व्यक्तित्व - सदस्य

(घ) पर्वतारोही - सदस्य

(२) विषयगत विधामा पुरस्कृत व्यक्तिको नाम छनौटका लागि समितिले आवश्यकता अनुसार विषयसँग सम्बन्धित अन्य विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **आवेदन माग गर्ने :** (१) समितिले पुरस्कार प्राप्त गर्न योग्य व्यक्तिलाई आवेदन पेश गर्न कम्तिमा १५ (पन्ध्र) दिनको समय दिई आवेदनसाथ पेश गर्नु पर्ने विवरण तथा कागजात खुलाई सार्वजनिक सूचना जारी गर्नु पर्नेछ ।

(२) पुरस्कार प्राप्त गर्न चाहने व्यक्तिले उपदफा (१) बमोजिमको सूचनामा खुलाइएको विवरण तथा कागजात संलग्न गरी समितिसमक्ष आवेदन पेश गर्नु पर्नेछ ।

७. **छनौटको आधार र विधि :** (१) समितिले पुरस्कार सिफारिशको प्रक्रिया शुरु गर्नु भन्दा अघि पुरस्कार छनौटको वस्तुगत आधार स्वीकृत गर्नेछ ।

(२) समितिले दफा ६ बमोजिम प्राप्त आवेदनहरुको जाँचबुझ गरी पुरस्कृत हुन योग्य देखिएका आवेदनहरुको संक्षिप्त सूची तयार गर्नेछ । त्यस्तो सूची तयार गर्दा समितिले सम्बन्धित विज्ञ समेत रहेको उपसमिति गठन गर्न वा विज्ञहरुको सेवा लिन सक्नेछ ।

(३) दफा ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि आवेदन पेश नगरेको कुनै व्यक्ति पुरस्कार पाउन योग्य देखिएमा समितिले त्यस्तो व्यक्तिको नाम उपदफा (२) बमोजिमको सूचीमा समावेश गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको संक्षिप्त सूची तयार भएपछि समितिले उपदफा (१) बमोजिम स्वीकृत गरेका छनौटका आधारहरु बमोजिम पुरस्कृत गरिने संस्था छनौट गरी संघको केन्द्रीय कार्यसमितिसमक्ष सिफारिश गर्नेछ ।

(५) उपदफा (४) बमोजिम छनौट गर्दा कुनै विधामा दुई जना व्यक्ति पुरस्कृत हुन योग्य देखिएमा समितिले संयूक्तरुपमा पुरस्कृत गर्ने गरी छनौट गर्न र सिफारिश गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम जाँचबुझ गर्दा कुनै व्यक्ति पुरस्कृत गर्न योग्य नदेखिएमा समितिले सोही व्यहोरा संघको केन्द्रीय कार्यसमितिसमक्ष सिफारिश गर्नेछ ।

(७) कुनै विधामा पुरस्कार प्राप्त गर्न योग्य व्यक्तिलाई मरणोपरन्त समेत पुरस्कार प्रदान गर्न सकिनेछ ।

८. **पुरस्कार प्रदान गर्ने :** (१) संघले दफा ७ बमोजिम सिफारिश भएका व्यक्तिको नाम केन्द्रीय कार्यसमिबिाट स्वीकृत पछि संघको केन्द्रीय बार्षिक साधारणसभामा घोषणा गरी संघको स्थापना दिवसका दिन पुरस्कार प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम संघको स्थापना दिवसका दिन पुरस्कार प्रदान हुन नसकेमा संघले तोकेको राष्ट्रिय महत्वको दिवस वा दिनमा सो पुरस्कार प्रदान गरिनेछ ।

दफा ६ सँग सम्बन्धित अनुसूची फारम

अनुसूची

पासाङ ल्हामु शेर्पा महिला साहसिक पर्वतारोही पुरस्कारका लागि आवेदन साथ पेश गर्नु पर्ने विवरण ढाँचाको फारम

१. व्यक्तिको नाम, थर .....
उमेर.....

२. स्थायी ठेगाना :
प्रदेश.....जिल्ला.....गा.पा./न.पा.....वडा नं.....
सम्पर्क ठेगाना.....फोन नं.....
मोबाइल नं.....इमेल .....

३. पुरस्कार दावी आफै गरेको वा अन्य व्यक्तिका लागि सिफारिश गरेको हो सो को विवरण
आफै.....
अन्य व्यक्तिको विवरण.....

सम्बन्धित विधामा योगदान, योग्यता एवं उपाधी

क्र.सं.	विवरण	योगदान
१.	सम्बन्धित क्षेत्रमा निरन्तरताको अवधि	
२.	सम्बन्धित क्षेत्रमा पुऱ्याएको योगदानहरु	
३.	यसअघि प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार, सम्मान (नाम सहित खुलाउने)	
४.	शैक्षिक उपाधि/योग्यता	
५.	अन्य असाधारण एवं विलक्षण, प्रतिभा, विशिष्टता, व्यक्तित्व	
६.	माथि उल्लिखित मापदण्ड एवं आधार अन्तर्गत बाहेक अन्य योगदान भए सो सम्बन्धी विवरण.....	

४. संलग्न कागजातहरु :
प्रकाशित कृति/गरेको योगदानको विवरण, व्यक्तिको व्यक्तिगत विवरण लगायत सूचनामा उल्लेखित कागजातहरु .....

(क) नेपाली नागरिकताको प्रतिलिपी
(ख) पासपोर्ट साइजको दुई प्रति फोटो
(ग) स्थायी लेखा नम्बर
(घ) सम्बन्धित विधासँग सम्बन्धित प्रमाणहरुको प्रति
(ङ) बैंक खाता नम्बर (बैंकको नाम र ठेगानासमेत)
(च) सम्बन्धित व्यक्तिको परिचयात्मक विवरण संलग्न बायोडाटा
(छ) संस्थाले सिफारिश गरेको भए सिफारिश गर्ने संस्थाको पत्र ।

नोटः अन्य केही भए छुट्टै पानामा उल्लेख गरि पेश गर्न सकिनेछ ।